# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

+९७७-७१-४४०५५३
४४००७८


प.सं.:
च.नं.:

## सेवा करारमा लिने सम्वन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/०५/०१

यस सैनामैना नगरपालिकाको लागि तपसिलमा उल्लेखित पदमा सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएका सम्पूर्ण कागजात संलग्न गरी दरखास्त दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| वि. नं. | पद | सेवा | संख्या |
|---|---|---|---|
| ०१/०८२/८३ | मेडिकल अधिकृत (अधिकृत आठौं) | करार | १(एक) |
| ०२/०८२/८३ | जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं) | करार | १(एक) |
| ०३/०८२/८३ | मेडिकल ल्याव टेक्निसियन (पाँचौं तह) | करार | १(एक) |
| ०४/०८२/८३ | फार्मेसी सहायक (पाँचौं तह) | करार | १(एक) |
| ०५/०८२/८३ | सर्भेक्षक (पाँचौं तह) | करार | ४(चार) |
| ०६/०८२/८३ | अमिन (चौथो तह) | करार | ५(पाँच) |
| ०७/०८२/८३ | सहायक कम्प्युटर अपरेटर (चौथो तह) | करार | १(एक) |
| ०८/०८२/८३ | फिल्ड सहयोगी | करार | ५(पाँच) |

योग्यताः

- नेपाली नागरीक हुनु पर्ने ।
- न्युनतम शैक्षिक योग्यताः
- मेडिकल अधिकृत (अधिकृत आठौं) पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको।
- जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं) पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह योग्यता हासिल गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।
- फार्मेसी सहायक (पाँचौं तह) पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएको ।
- मेडिकल ल्याव टेक्निसियन (पाँचौ तह) पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तिर्ण गरी स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।
- सर्भेक्षक पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा तीन वर्षे प्रवीणता प्रमाणपत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समुह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तिर्ण गरी एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको।
- अमिन पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको।




CamScanner

☎ +९७७-७१-४४०५५३
४४००७८

# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:
च.नं.:

- सहायक कम्युटर अपरेटर पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सि. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. वा सो सरह उत्तीर्ण गरी रजिष्ट्रड संस्थाबाट कम्तिमा तीन महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Man Power को लागि सन्चालित तीन महिनाको तालिम प्राप्त गरेको।
- फिल्ड सहयोगी पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. वा सो सरह उत्तीर्ण गरेको ।
- उमेरः १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।
- दरखास्त दस्तुरः अधिकृत स्तरका लागि रु.१०००।– र सहायक तथा सहयोगीको लागि रु. ५००।-
- दरखास्त बुझाउने स्थानः सैनामैना नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुद्धनगर, रुपन्देही ।
- दरखास्त दिने अन्तिम मितिः २०८२/०५/१५गते ।
- परीक्षाको किसिमः छोटो सूची प्रकाशन, लिखित परीक्षा र अन्तवार्ता ।
- आवस्यक कागजात (क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, (ख) हालसालै खिचेको ३ प्रति फोटो, (ग) दरखास्त दस्तुर बुझाएको रसिद (घ) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि ।
- करार अवधिः सम्झौता बमोजिम ।
- सेवा सुविधाः सम्झौता बमोजिम ।
- अनुभव प्राप्त उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ।

*द्रस्ट्रव्यः अन्य आवश्यक जानकारीको लागि कार्यालय समयमा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नु होला ।*

प्रमुख प्रशासकीय अधिकृत